मिति २०८३।०६।०२ गते शुक्रबार (थारु संवत २६४९) बसेको नगरकार्यपालिका बैठकको निर्णयहरु

(बैठक नं. १९६)

प्रस्तावः

१. अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णय समिक्षा सम्बन्धमा।
२. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँचका लागि Lidar Image खरिद तथा अन्य विषय सम्बन्धमा।
३. सडक बत्ती बिल भुक्तानी सम्बन्धमा।
४. ठेक्काको म्याद थप सम्बन्धमा।
५. आ.व. २०८३/०८४को लागि बोलपत्र आव्हान सम्बन्धमा।
६. घोराही खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाले काटेका अस्पाल्ट पिच सडक मर्मतको ठेक्का आव्हान गर्ने सम्बन्धमा।
७. निर्माणको प्राविधिक परिक्षण गर्ने सम्बन्धमा।
८. बाल विकास सहजकर्ता खटाउने सम्बन्धमा।
९. नगर शिक्षा समितिको निर्णय अनुमोदन तथा कार्यविधि स्वीकृत तथा संशोधन सम्बन्धमा गर्ने सम्बन्धमा।
   a. विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि २०८३ स्वीकृत सम्बन्धमा।
   b. स्वयंसेवक शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०८० लाई संशोधन सम्बन्धमा।
   c. विद्यालय अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि २०८२ लाई संशोधन सम्बन्धमा।
१०. विविध

नरुलाल चौधरी
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

निर्णय नं. १

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

निर्णय नं. २

भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँच सम्बन्धमा भुमि व्यवस्थापन शाखाबाट पेश भएका प्रस्तावमाथि छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो।

२.१ जग्गा नापनक्साको कार्यलाई तदारुकतासाथ अगाडी बढाउन नगरसभाबाट स्वीकृत बजेट बमोजिम वडा नं. १ देखि वडा नं. ६ सम्मका वन/जङ्गल क्षेत्र र वडा नं. ७ देखि १९ सम्मको सम्पुर्ण जग्गाको लाइडर इमेज (Lidar Image) डाटा नापी विभागको स्वीकृत दररेट अनुसार जि टु जी प्रक्रियाबाट खरिदका लागि स्वीकृति दिने।

२.२ जग्गा नाँपजाँच कार्यमा फिल्डमा खटिएका प्राविधिक कर्मचारीहरुलाई मागको आधारमा तथा शाखा प्रमुखको सिफारिस समेतको आधार आवश्यकताअनुसार मासिक थप १० लिटर इन्धन(पेट्रोल) तथा सवारी साधन मर्मत वापत बार्षिक रु. १०,०००।-सम्मको भुक्तानी दिने।

२.३ फाराम अनलाइन विवरण प्रविष्टि गर्ने कार्यका लागि आवश्यक २ जना कर्मचारी (लगत प्रविष्टिकर्ता) प्रति फाराम रु.८० उपलब्ध गराउने गरी सम्झौता गरी लगत प्रविष्टी कार्य संचालन गर्ने।

२.४ जग्गा नापजाँच कार्यमा कार्यालय समयभन्दा अतिरिक्त समयमा समेत काममा खटिनुपर्ने भएकोले कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप सार्वजनिक विदाको दिन दैनिक रु.१०००।— र अन्य दिन रु.५००।— को दरले अतिरिक्त समय काम गरेको हाजिरी र कार्य प्रगती प्रतिवेदनको आधारमा फिल्ड भत्ता उपलब्ध गराउने।

निर्णय नं. ३

घोराही उपमहानगरपालिकाको नगर क्षेत्रभित्र सडक बत्ती महसुल आर्थिक वर्ष २०८२/०८३को पुष महिनासम्म सम्बन्धीत टोल विकास संस्थाले बुझाउने गरेकोमा गत आ.व. २०८२/०८३को हिंउदे नगरसभा अधिवेशनबाट आर्थिक ऐन २०८२ संशोधन गरी सम्पत्ती करसँगै सडक बत्ती शुल्कसमेत समेत समावेश गरी संकलन गरिएकोले हालसम्मको सडक बत्ती महसुल नेपाल विद्युत प्राधिकरण घोराही वितरण केन्द्रबाट एकिन गराइ भुक्तानी दिने निर्णय गरियो।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. ४

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

पूर्वाधार विकास महाशाखाबाट पेश भएका तपसिल बमोजिमका खरिद सम्झौताको म्याद थप गर्ने निर्णय गरियो।

१	NCB/WORKS/GSMC/34/081/082	सडक प्याकेज १ वडा नं.१५ र १७ (संझौता टोल, डाँफेटोल, आनन्दपुर टोल, मयुर टोल, गुलरिया टोल, राधाकृष्ण टोल लगायत)	श्री प्रेमधन निर्माण सेवा	२०८२।०९।०३	२०८३।०३।२५	२०८३।१२।३०
२	NCB/WORKS/GSMC/02/082/083	घोराही १६ वडा कार्यालयदेखि दक्षिण प्रविण भण्डारीको घरसम्म सडक कालो पत्रे, दाङ घोराही २ रामपुर भुतेडाँडादेखि निमुरिया बालापुर सडक स्तरउनन्ती, दाङ घोराही ६ दामोदर सडक Ncell टावरहुँदै धार्मिक पर्यटकीय मार्ग पाण्डवेश्वर मन्दिर धारापानीसम्म सडक स्तरउनन्ती	श्री के.आर. के/शिभानश्री जे.भी.	२०८२।१२।२२	२०८३।०३।२५	२०८३।१२।२४
३	NCB/WORKS/GSMC/10/082/083	घोराही-७ घुस्रा स्थित नारायण भण्डारीको घरदेखि बबइ नदि सम्मको अधुरो सडक दुबैतर्फ नाला सहित सहित कालोपत्रे, दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं.१५ रुक बहादुर खत्रीको घर हुदै पश्चिम टोलसम्म पक्की नाला सहित बाटो स्तरोन्नती, रुक बहादुर रिजालको घरदेखि सोक बहादुर खत्रीको घरहुदै पश्चिम टोलसम्म पक्की नाला सहित बाटो स्तरोन्नती, घोराही उपमहानगरपालिका १५, दाङ जिल्ला घोराही-१५ नापी कार्यालयबाट पश्चिम नन्द बहादुर के.सी.को घर देखि भूकुटी टोल र ईन्द्रेनी टोल सिमासम्म पक्की नाला सहित रुल्याव निर्माण र भरतपुर एकता टोल, लालिगुरास टोल सडक स्तरोन्नती कार्य	रामकृष्ण निर्माण सेवा, घोराही ४ दाङ	२०८३।०१।०८	२०८३।०३।२५	२०८३।०९।२५

स्थानीय सहर
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निभित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

४	NCB/WORKS/ GSMC/03/082/ 083	भानपुर देखि निमुरिया सडक पिच, घोराही वडा ३ र २	श्री शुभ/विन्दु जे.भी.	२०८२।१२।२२	२०८३।०३।२५	२०८३।१२।३०
५	NCB/WORKS/ GSMC/36/081/ 082	वडा नं, २, ३, ४, ५, ६, ८, १०, १४, १५, १६, १७ का विभिन्न टोलमा सडक स्तरोन्नती (सडक प्याकेज ३)	गुरु भाई/सैलुङगेश्वरी / चौरीखोला जे.भी. काठमाण्डौ १५	२०८२।०९।१३	२०८३।०३।२५	२०८४।०३।२५
६	NCB/WORKS/ GSMC/09/077/ 078	नगर प्रशासनीक भवन	गौरी/बस्नेत (जे.भी.)	२०७८।०२।२०	२०८०।०१।३१	२०८४।०३।३० (पाँचौ पटक म्याद थप)

निर्णय नं. ५

घोराही उपमहानगरपालिकाको आ.व. २०८३/०८४मा आयोजना संचालनका लागि बोलपत्र तथा दरभाउपत्रसम्बन्धी कार्य गर्ने सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालय, केसरमहल काठमाण्डौको च.नं. MIT/१८२, मिति २०८३।०५।११ गतेको प्राप्त परिपत्र बमोजिम पुनः e-GP System संचालन नहुँदासम्म हार्डकपि मार्फत बोलपत्र तथा दरभाउपत्रसम्बन्धी कार्य गर्न पूर्वाधार विकास महाशाखालाई अनुमती दिने साथै मिति २०८३।०५।११ गतेसम्म प्रकाशित भएका सबै बोलपत्र सम्बन्धि सूचनाहरु रद्द गर्ने निर्णय गरियो।

निर्णय नं. ६

घोराही खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाले खानेपानी पाइपलाईन विस्तार गर्दा काटेका अस्पाल्ट पिच सडक मर्मतका लागि बोलपत्रदाताबाट कबोल गरेको अंक घोराही उपमहानगरपालिकामा बोलपत्र स्वीकृत हुनु अगावै जम्मा गर्ने गरी लागत अनुमानको परिधिभित्र रहि बोलपत्र आव्हान पूर्वाधार विकास महाशाखालाई अनुमती दिने निर्णय गरियो।

निर्णय नं. ७

घोराही उपमहानगरपालिका भित्र संचालनमा रहेका तपसिल बमोजिमका निर्माणाधिन संरचनाहरुको प्राविधिक परिक्षणका (Technical Audit)लागि आवश्यक खर्च घोराही उपमहानगरपालिकाबाट हुने गरी राष्ट्रिय सतर्कता केन्द्र काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो।

तपसिलः

१. नगर प्रशासनिक भवन निर्माण आयोजना
२. १५ शैया आधारभूत अस्पताल आयोजना

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश

निभित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
नगर प्रमुख

निर्णय नं. ८

श्री अम्बिका माध्यामिक विद्यालय हर्नोकको विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०४।२८ गते बसेको बैठकको निर्णय, श्री अम्बिका माध्यामिक विद्यालय घोराही-१ हर्नोकको च.नं. ०५, मिति २०८३।०५।०१ को पत्र समेतको आधारमा सो विद्यालयमा बाल विकास केन्द्रतर्फ विद्यार्थी संख्या चालु शैक्षिक सत्रमा न्यून भएको तर २ जना बाल विकास सहजकर्ता (शिक्षक)को दरबन्दी मध्ये १ वटा दरबन्दी कटौती गरी अन्य विद्यालयमा पठाउन सकिने अम्बिका मा.वि. हर्नोकबाट प्राप्त सहमती पत्र समेतको आधारमा उक्त विद्यालयमा कार्यरत बाल विकास सहजकर्ता श्री संगिता आचार्यलाई श्री शुभ प्रभात माध्यमिक विद्यालय घोराही १४मा विद्यालयको मागको आधारमा अर्को व्यवस्था नहुँदासम्मको लागि खटाउने निर्णय गरियो।

निर्णय नं. ९

मिति २०८३।०५।२५को नगर शिक्षा समितिको बैठकको निर्णय अनुमोदन गर्ने र सामाजिक विकास महाशाखाबाट पेश भएका देहाय बमोजिमका कार्यविधिहरु स्वीकृत/संशोधन गर्ने निर्णय गरियो

a. विद्यालय व्यवस्थापन समिति गठन सहजीकरण कार्यविधि २०८३
b. स्वयंसेवक शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०८० (दोस्रो संशोधन २०८३)
c. विद्यालय अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि २०७९ (पहिलो संशोधन २०८३)

निर्णय नं. १०

१०.१ यस घोराही उपमहानगरपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारीहरु समेतको चालु आ.व.२०८३/०८४को तलब सुविधा शिक्षकको बैंक खातामा निकासा गर्ने प्रयोजनार्थ SuTRA प्रणालीमा सो विवरण प्रविष्टि गर्ने प्रयोजनको लागि अतिरिक्त समयमा खटिएका शिक्षकहरुलाई खाजा/खाना खर्च वापत बढीमा ५ जनासम्मलाई प्रतिदिन रु. एक हजारको दरले ५ दिनसम्मको सेवा सुविधा हाजिरी र कार्य सम्पादनको आधारमा उपलब्ध गराउने निर्णय गरियो।

१०.२ जिल्ला प्रशासन कार्यालय दाङको च.नं. १०९४, मिति २०८३।०५।३१को पत्र तथा शिक्षा विकास समन्वय इकाइ घोराही दाङको च.नं. २९१, मिति २०८३।०५।३१ को संविधान तथा राष्ट्रिय दिवस मनाउने सम्बन्धी पत्रबाट स्थानीय तहको समन्वयमा अपाङ्गता (फरक क्षमता भएका) विद्यार्थीहरुलाई उपयुक्त शैक्षिक तथा खेलकुद सामाग्री वितरण गर्ने भनि भएको परिपत्र अनुसार घोराही उपमहानगरपालिका वडा नं. १४ स्थित बाल मन्दिर आधारभूत विद्यालयमा अध्ययनरत अपाङगता भएका विद्यार्थीहरुलाई रु.२० हजारसम्मको शैक्षिक तथा खेलकुद सामाग्री घोराही उपमहानगरपालिकाको सामाजिक बिकास महाशाखा अन्तर्गत रहेको अतिरिक्त क्रियाकलाप संचालन शीर्षकबाट खर्चहुनेगरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

१०.३ घोराही उपमहानगरपालिका वडा नं१४ सिर्जनशील टोलमा रहेको साविक घोराहि वडा नं. १क कि.नं. ५३७ ज.वि. ०-३-१५ ऐलानी जग्गा वडा कार्यालयको स्वामित्वमा रहनेगरी जेष्ठ नागरिकहरुले भोगचलन गर्ने गरी जेष्ठ नागरिक भवन निर्माणका लागि अनुमती दिने निर्णय गरियो।

१०.४ घोराही उपमहानगरपालिका वडा नं. १२ गुरौका सविराज वि.क.को छोरा प्रकाश वि.क. रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडमा जे.सि.बी. अपरेटरको रुपमा कार्यरत रहेको, मिति २०८३ भदौ १० गते आएको विनाशकारी बाढीमा पछि हालसम्म परिवारको सम्पर्कमा नआएकोले छोराको खोजतलासका लागि रसुवा जान खोजेको तर निजको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग गरिदिनुहुन भनि १२ नं. वडा कार्यालयको च.नं. ५१९, मिति २०८३।०६।०१ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उहाँलाई सहयोग स्वरुप रकम रु.१५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

१०.५ घोराही उपमहानगरपालिका वडा नं. १७ जनप्रिय टोल निवासी रोमहर्ष कालाथोकीको श्रीमती र छोराको असामयिक निधन भएको र निजको आर्थिक अवस्था कमजोर रहेकोले आर्थिक सहायताका लागि १७ नं. वडा कार्यालयको च.नं. ८४९, मिति २०८३।०५।३० गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई सहयोग स्वरुप रकम रु.२५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

१०.६ श्री नवदुर्गा पूजा समिति घोराही दाङलाई यस वर्षको वडादशैंको पावन अवसरमा विशेष रामलीला महोत्सव संचालनका लागि घोराही उपमहानगरपालिकाको तर्फका सहयोग स्वरुप रकम रु.१०,०००।—(दश हजार) अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

१०.७ मल आपूर्ति अपर्याप्त रहेको वास्तविक तथ्यलाई नबुझि सामाजिक सञ्जालमा स्थानीय सरकारलाई बदनाम गराउने उद्देश्यले प्रवाह गरिएको निराधार तथा भ्रामक अभिव्यक्ति नदिन सम्बन्धीत पक्षलाई अनुरोध गर्दै यस्ता कपोलकल्पित भ्रमकोपछि नलाग्न सबै नगरवासीहरुमा अपिल गर्ने साथै घोराही उपमहानगरपालिका आफ्नो कर्तव्यप्रति सदैव जिम्मेवार रहदै कार्य गर्दै आएको बेहोरा सबै नगरवासीहरुमा अनुरोध गर्ने निर्णय गरियो।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको
लुम्बिनी प्रदेश
दाङ, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख